# क्यान्टीन भाडामा लगाउने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७९/०३/३१

यस जिल्ला समन्वय समितिको कार्यालय म्याग्दीको परिसर भित्र रहेको एक कोठे टिनले छाएको क्यान्टीनको सम्झौता अवधी मिति २०७९/०३/३२ मा सकिने हुदाँ पुन क्यान्टीन संचालन गर्नको लागी भाडामा लगाउन पर्ने भएको हुदा देहायमा उल्लेखित शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिनै भित्र रितपूर्वकको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| सि. न. | स्थान | मासिक न्युनतम भाडा | कोठा सङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | बेनी न.पा. ७ जि.स.स. भवन परिसर | ७५०० (सात हजार पाँच सय मात्र) | १ | |

शर्तहरुः

१. भाडमा लिन चाहाने इच्छुक व्यक्ति, फर्म, कम्पनी, संघ सस्थाले यस कार्यालयलाइ तिरेको रु १०००। राजश्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३६५००४४०१ अन्य प्रशासनिक सेवा शुल्क खाता नं. ००१०१०००००००१००१००१ को रसिद सलग्न राख्नु पर्ने छ ।

२. यस क्यान्टीन भाडामा लिइ आफूले सचालन गर्ने व्यापार व्यावसाय संग सम्बन्धित व्यवसायीकर्ता दर्ता प्रमाण पत्रको प्रतिलिपि, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त मु. अ. कर वा प्यान नम्वर दर्ता प्रमाण पत्रको प्रतिलिपी आ. व. २०७७/०७८ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी तथा नागरिकताको प्रतिलिपी लगायत आवश्यक अन्य कागाजातहरु सहित आवेदन भरी शिलवन्दी गरी पेश गर्नु पर्ने छ ।

३. कानुनले बन्देज लगाएका सामानहरु विक्री वितरण गर्न पाइने छैन ।

४. कार्यालय परिसर भित्र धुम्रपान तथा मदिरापान जन्य पदार्थहरुको विक्री वितरण गर्न पाइने छैन ।

५. पानी महशुल तथा विधुत महशुल भाडामा लिने पक्षले तिर्नु पर्ने छ ।

६. खाना र खाजाका आइटमहरुको दररेट विवरण पेश गर्नु पर्ने छ ।

७. तोकीएको न्युनतम मासिक भाडा भन्दा सवै भन्दा बढी कवोल गर्ने र खाना र खाजाका आइटमहरुको कम दररेट भएको रितपुर्वक भएको आवेदनलाई स्वीकृत गरिने छ । दर्ता भएका आवेदनहरुबाट १६ औ दिनको अपरान्हः २ बजे कार्यालयका प्रतिनिधि र आवेदकको रोहवरमा शिलबन्दी खोलिने छ । आवेदकको अनुपस्थिती भएमा पनि यस कार्यालयलाई शिलबन्दी खोल्न बाधा पर्ने छैन । शिलबन्दी खोलिने मितिमा सार्वजनिक विदा पर्न गएमा सो कार्य विदा पछी कार्यालय खुलेको पहिलो दिन सोहि समयमा हुनेछ ।

८. आवेदन स्वीकृत भएको आवेदकले स्वीकृत भएको जानकारी प्राप्त भएको मितिले ७ दिन भित्रमा यस कार्यालयमा आइ सम्झौता गर्नु पर्ने छ । सम्झौता अवधी २ बर्षको हुने छ ।

९. तोकीएको समयमा सम्झौता गर्न नआएको खण्डमा त्यस पछि बढी कवोल गर्ने अर्को व्यक्ति वा फर्म संघ संस्था संग सम्झौता प्रक्रिया अगाडी बढाइने छ ।

१०. म्याद भन्दा ढिलो गरी प्राप्त हुन आएको, रित नपुगेको, कुनै सर्त राखी पेश भएको र सूचनाको शर्त विपरित भएको आवेदन माथी कुनै कारवाही हुने छैन ।

११. स्वीकृत भएको मासिक भाडा प्रत्येक महिनाको २५ गते भित्रमा यस कार्यालयमा बुझाउनु पर्ने छ ।

१२. ठेक्का जसको नाउँमा स्वीकृत हुन्छ उसैले व्यवसाय संचालन गर्नु पर्ने छ । अर्थात पुन भाडामा लगाउन पाइने छैन ।

१३. कवोल गरेको बार्षिक भाडाको ५ प्रतिशत रकम अग्रिम कार्यालय कोड नं. ३६५००४४०१ धरौटी खाता नं. ०६३०१००००२००३००००१ मा जम्मा गर्नु पर्ने छ ।

१४. शिलबन्दी स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयलाई सुरक्षित रहने छ ।

१५. सूचना सम्बन्धमा अन्य कुराहरु बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ र अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।

.............................

जानुका सुवेदी

जिल्ला समन्वय अधिकारी